# लिसंखु पाखर गाउँपालिकाको
# बाल अक्षयकोष सञ्चालन निर्देशिका, २०७६

गाउँ कार्यपालिकाको बैठकबाट पारित मिति २०७६/०१/२७
प्रमाणित मिति २०७६/०१/२९

**पृष्ठभूमी**

आमाबाबु दुबै वा दुई मध्ये एक गुमाएका र अति गरिब घर परिवारमा हुर्किबढिरहेका बालबालिकाहरु पोषण, स्वास्थ्य र शिक्षामा जोखिमको हिसाबले सबैभन्दा बढी जोखिममा परिरहेका वा पर्न सक्नेमध्ये पर्दछन् । त्यस्ता प्रकृतिका जोखिममा हुर्कि बढिरहेका बालबालिकाको सन्दर्भमा हाल विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरुले खासै समेट्न सकेको पाईदैन । यसै सन्दर्भमा जोखिममा पर्न सक्ने बालबालिकालाई जोखिममा पर्न नदिन र परिसकेकालाई त्यहाँबाट निकाल्ने सामाजिक सुरक्षाको उपायहरु मध्ये एकको रुपमा बाल अक्षयकोष स्थापना र संचालनार्थ यो निर्देशिका लागु गरिएको छ ।

**१. नाम र प्रारम्भ :**

क. यस निर्देशिकाको नाम "लिसंखु पाखर गाउँपालिकाको बाल अक्षयकोष संचालन निर्देशिका, २०७६" रहने छ ।
ख. बाल संरक्षण अक्षयकोष संचालन निर्देशिका लिसंखु पाखर गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकमा निर्णय भएको मितिबाट लागु हुनेछ ।

**२. उद्देश्यहरुः–**

यस बाल अक्षयकोष संचालन निर्देशिकाको निम्न उद्देश्य हुनेछन :
क. वडा तथा स्थानिय तह बाल अधिकार समिति अन्तर्गत टुहुरा तथा जोखिमयुक्त बालबालिकाको सहयोगार्थ अक्षय कोष संचालन/खडा गर्ने ।
ख. सहयोग आवश्यकता भएका बालबालिकाको पहिचान गरी उनीहरुलाई आर्थिक सहयोग गर्ने ।

**३. कोषको प्रकृति :–**

क. बाल संरक्षण कोष अक्षय कोषको रुपमा रहनेछ ।
ख. यो कोष सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, दातृनिकाय, व्यक्ति आदिबाट अनुदान, चन्दा, सहयोग प्राप्त गरी खडा गरिनेछ ।
ग. कुनै पनि गैरसरकारी संस्थाको सहयोगमा यो कोष शुरु गर्नु परेमा न्यूनतम रु ३,००,०००।– (अक्षरुपी तीन लाख रुपैया मात्र) बाट शुरु गरिनेछ ।

घ. गाउँ तथा वडा बाल अधिकार समिति वा गाउपालिका एक्लैले यस्तो प्रकारको कोष स्थापना गर्न चाहेमा न्यूनतम रु १,००,०००।- (अक्षरेपी एक लाख मात्र) बाट पनि शुरु गर्न सकिनेछ ।

ङ. बाल संरक्षण अक्षय कोषको मूल धनलाई क्रमश बढाउँदै लैजान सकिनेछ ।

च. बाल संरक्षण अक्षय कोषबाट आर्जित रकम लक्षित बालबालिकाको हितका लागि मात्र खर्च गर्नुपर्नेछ ।

छ. बाल संरक्षण अक्षय कोषको रकम तालिम, गोष्ठी, प्रशासनिक खर्च, भ्रमण आदिमा खर्च गर्न पाइने छैन ।

ज. बाल संरक्षण अक्षय कोष गाँउपालिकाको र वडा बाल अधिकार समितिको संयुक्त अधिनमा रहनेछ ।

## ४. लक्षित समूहः

आर्थिक रुपले विपन्न घरमा हुर्किरहेका निम्न अवस्थाका बालबालिकाहरु बाल संरक्षण अक्षय कोषको लक्षित समूह हुनेछन् ।

क. आमा बाबु दुबै नभई अरुको रेखदेखमा रहेका बालबालिका

ख. आफै घरमूली भएका बालबालिका

ग. कोहि पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका

घ. आमा वा बाबु मध्ये कुनै एक नभई एकल अभिभावक सँग बसिरहेका बालबालिका

ङ. बाबु आमा क र ख वर्गको अपांगता परिचय पत्र भएको र विपन्न भएका परिवारको बालबालिका

## ५. अनुदान रकमः

क. लक्षित बालबालिकालाई प्रति महिना रु ३००।- (अक्षरुपी तीन सय) का दरले एक बर्षमा जम्मा ३,६००।- (अक्षरुपी तीन हजार छ सय) सहयोग गरिने छ ।

ख. यो सहयोग रकम नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि तोकिएको मितिमा गर्नुपर्नेछ ।

ग. यो सहयोग गरिएको रकम लाभान्वित परिवारका अभिभावकले बालबालिकाको पोषण, स्वास्थ्य र शिक्षामा प्रयोग गर्नुपर्नेछ ।

## ६. आवेदनको प्रकृयाः

### क. आवेदन लिने सम्वन्धि

क. आवेदन आव्हानको लागि सार्वजनिक सुचना प्रकाशन गर्नेछ ।

ख. आवेदन फारम वितरण गर्दा गाउँपालिकाको वडा कार्यालयमा कार्यरत संघसंस्था, बाल समूह, पारालिगल कमिटी आदीको सहयोग लिन सकिनेछ ।

ग. आव्हान गरिएको १५ दिन भित्र तोकिएको ढाँचामा आवेदन दिनुपर्नेछ ।

### ख. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

क. जन्मदर्ता प्रमाणपत्र

ख. सम्वन्धित वडाको सिफारिस
ग. विद्यालयमा अध्ययनरत भए सम्वन्धित विद्यालयको सिफारिस
घ. अभिभावकको ना. प्र. को पतिलिपि
ङ. अभिभावकको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि
च. वडा बाल अधिकार समितिको निर्णको प्रतिलिपी

**७. छनौट आधार :–**

क) तल उल्लेखित आधारहरुलाई मध्य नजर गरी निजले दिएको आवेदन र अध्ययन अवलोकन समेतको आधारमा छनौट र प्राथमिकिकरण गरिने छ ।

क. कोहि पनि आफन्त नभई अरुको शरणमा बसेका आर्थिक रुपले विपन्न बालबालिका ।
ख. स्वंम घरमूली भएका आर्थिक रुपले विपन्न बालबालिका ।
ग. आमा बाबु दुबै नभई अरुको रेखदेखमा रहेका आर्थिक रुपले विपन्न बालबालिका ।
घ. आमा वा बाबु मध्ये एक नभएका र आर्थिक रुपले विपन्न बालबालिका ।
ङ. आमा वा बाबु दुवै वा दुइ मध्ये एक नभएका र अति लामो समय सम्म बिरामी (chronic illness) भएको बालबालिका ।
च. बाबु आमा क र ख वर्गको अपांगता परिचय पत्र भएको र विपन्न भएका परिवारको बालबालिका

ख) छनौट भएका बालबालिकाहरुको नामावली सार्वजनिक सूचनाद्धारा जानकारी गराउनु पर्नेछ ।
ग) छनौट सम्बन्धी जानकारी सम्बन्धीत बालबालिका, उनीहरुको अभिभावक र अध्ययन गरिरहेको विद्यालयलाई पत्र मार्फत वा अन्य संचार माध्यम द्धारा गराउनु पर्नेछ ।
घ) बाल संरक्षण अक्षयकोष संचालन सहयोग, लक्षित बालबालिका छनौट तथा अनुगमनका लागि गाउँपालिकाको वडा बाल अधिकार समितिले वडा स्तरीय एक उप समिति गठन गरिनेछ । यस समितिको नाम **"वडा स्तरीय बाल अधिकार संरक्षण अनुगमन तथा सहयोग समिति"** रहनेछ ।

उक्त **"वडा स्तरीय बाल अधिकार संरक्षण अनुगमन तथा सहयोग समिति"** मा निम्न अनुसारका सदस्यहरु रहनेछन् ।

१. संयोजक – वडा अध्यक्षले तोकिएको व्यक्ति
२. सदस्य – महिला सदस्य
३. सदस्य – बालबालिका सम्बन्धी कार्यरत संस्थाका प्रतिनिधि
४. सदस्य – वडा स्थीत स्वास्थ्य केन्द्रको प्रमुख
५. सदस्य – वडाभित्रका सामुदायिक विद्यालयको प्रअ मध्ये वडा समितिले मनोनित गरेको १ जना र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मध्ये १ जना गरि २ जना सदस्य ।
६. सदस्य – वडा स्तरीय बाल सञ्जालबाट १ जना बालक र १ जना बालिका गरि २ जना वडा सचिब सदस्य सचिब रहनेछ ।

(ङ) बाल अक्षयकोष सहयोगका लागि योग्य आवेदक बालबालिकाहरुको प्राथमिकिकरण अनुसूची २ बमोजिम गरि छनौट गर्नुपर्नेछ ।

**८. सम्झौता सम्बन्धी व्यवस्था :**

क. छनौट भएका बालबालिकाहरुलाई सहयोग प्रदान गर्नु अघि उनीहरुका बाबु, आमा वा अभिभावकसँग अनुसूची-३ मा उल्लेख गरिएको ढाँचामा सम्झौता गर्नु पर्नुछ ।

ख. सम्झौताको समयमा छनौट भएका बालबालिका, उनीहरुको बाबुआमा वा अभिभावकलाई यसबाट पर्ने असर तथा प्रभावका बारेमाजानकारी एवं परामर्श दिनु पर्नेछ ।

**९. अनुदान प्रदान गर्ने प्रकृया :**

क. सबै सरोकारवालाहरुलाई समेटेर विशेष समारोह आयोजना गरी वासमारोह भएको समयमा सहयोग वितरण गर्नुपर्नेछ ।

ख. सो सहयोग रकम तीन किस्तामा नेपाल सरकारले सामाजिक सुरक्षाभत्ता वितरण गर्ने समयमा सम्बन्धित व्यक्ति वा घरका व्यक्तिलाई प्रदान गर्नुपर्नेछ ।

ग. चौमासिक रुपमा रु.१,२००/- (एकहजार दुई सय रुपैयाँ ) एक मुस्ट रुपले हरेक छनौट भएका बालबालिकालाई बितरण गर्नु पर्ने छ ।

**१०. आशातित उपलब्धी :**

क. लक्षित समूहका पोषणयुक्त खाना खान नपाएका बालबालिकाहरुले सहयोग पश्चात पोषणयुक्त खाना खानेछन् ।

ख. लक्षित समूहका विद्यालय जान नपाएका बालबालिकाहरुले सहयोग पश्चात निरन्तर विद्यालय जानेछन् ।

ग. लक्षित समूहका स्वास्थ्य उपचार नपाएका बालबालिकाहरुले सहयोग पश्चात स्वास्थ्य उपचार पाउनेछन् ।

घ. आर्थिक कारणले बाल श्रममा परेका अनाथ बालबालिका सहयोग पश्चात विद्यालय जानेछन् ।

**११. अनुदान रोक्का हुने अवस्थाहरु :**

क. आर्थिक रुपमा उल्लेख्य सुधार भएमा

ख. बसाई सरी गएमा

ग. रकम दुरुपयोग भएको देखिएमा

घ. अन्य व्यक्ति वा संघ संस्थाबाट उल्लेख्य (सहयोग रकमको पचास प्रतिशत भन्दा बढी) सहयोग पाएमा

ङ. माध्यमिक तह पुरा गरेमा

च. बिचैमा कक्षा छोडेमा

छ. सहयोग पाउने बालबालिका १० कक्षा पूरा गरेमा

ज. विवाह गरेमा

झ. २ वटा बार्षिक परीक्षामा लगातार अनुतिर्ण भएमा

ञ. मृत्यु भएमा

**१२. अनुगमन तथा प्रतिबेदन सम्वन्धी व्यवस्था :**

क. बाल संरक्षण अक्षय कोषबाट अनुदान बितरण कार्यक्रमको प्रतिबेदन अनिवार्य रुपमा जिल्ला बाल कल्याण समितिको कार्यालय र गाउँपालिकाको कार्यालयमा पेशगर्नु पर्ने छ। (बार्षिक प्रतिबेदन, हरेक बर्षको फागुन मसान्तभित्रमा)

ख. छनौट तथा सहयोग प्रकृया र सदुपयोग सम्बन्धमा जिल्ला बालकल्याण समितिले जिल्ला स्तरमा अनुगमन गर्नेछ।

ग. छनौट तथा सहयोग प्रकृया र सदुपयोग अनुगमन सम्बन्धमा ९ सदस्य रहेको वडा स्तरीय बाल अधिकार संरक्षण अनुगमन तथा सहयोग समिति (बुदाँ नम्बर ७ (घ)अनुसार) ले गर्नेछ। उक्त समितिले निम्नानुसार सहयोग गर्नसक्नेछ।

१. उपयुक्त र योग्य बालबालिका सेवाग्राही छनोट गर्ने सम्बन्धमा
२. बाल अक्षयकोषको निष्पक्ष र निस्वार्थ सेवा प्रदान गराउने सम्बन्धमा
३. लक्षित सेवाग्राहीलाई उद्देश्य अनुरुप सहयोग सदुपयोग गर्ने वातावरण सृजना गर्ने सम्बन्धमा
४. अक्षयकोषबाट प्राप्त अनुदानको वितरण र अनुगमन सम्बन्धमा

**वडा स्तरीय बाल अधिकार संरक्षण अनुगमन तथा सहयोग समितिको** जिम्मेवारी निम्नानुसार हुनेछ।

अनुगमन सम्बन्धी कार्यविधि उपसमिति आफैँले तय गर्नेछ।

क. समितिले स्थलगत अध्ययन गरी उद्देश्य अनुरुप काम भएनभएको, सुनिश्चित गर्न कम्तिमा बर्षको एक पटक अनुगमनगर्नु पर्नेछ।

ख. सहयोग रकम दुरुपयोग गरेको शंका लागेमा जुनसुकै समयमापनि अनुगमन गर्न सकिनेछ।

ग. अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गर्नेछ।

**१३. बाल संरक्षण अक्षय कोषको संचालन :**

क. कोषको रकम नेपाल राष्ट्र बैंकबाट 'क' श्रेणीको इजाजत प्राप्त मध्ये अधिकतम व्याजदर तथा अन्य सुविधा उपलब्ध गराउने बैंकमा मुद्दति खाता खोली रकम जम्मा गरिनेछ र सो कोषबाट प्राप्त व्याज संकलनका लागि सोहि बैंकमा छुट्टै चल्ती/बचत खाता खोलिने छ।

ख. मुद्दती खाता खोल्न गाउँपालिकाले सम्बन्धित बैकलाई सिफारिस पत्र पठाउने छ। दुबै खाताको खाता संचालक निम्न अनुसार रहनेछन् :

(१) लिसंखु पाखर गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भए अनुसारको ३ जान व्यक्तिको नाममा खाता संचालन गरिनेछ।
उल्लेखित ३ जनाको संयुक्त दस्तखतमा खाता खोलिने र खाता सञ्चालनमा तीनै जना हुन अनिवार्य हुनेछ।

ग. साविकका गाविसहरुमा रहेको बाल अक्षयकोषलाई नै आधार मानी हाल कायम रहेको वडाहरुमा समानुपातिक योगदानको आधारमा वितरण गरिनेछ।

**१४. अभिलेखिकरणको व्यवस्था :**

क. बाल संरक्षण अक्षय कोष संचालन निर्देशिका अन्तर्गत संचालन गरिएको कार्यक्रमहरुको प्रतिवेदन तयार गरी वडा बाल अधिकार समितिले अद्यावधिक गरेपछि सो को जानकारी स्थानिय बाल अधिकार समिति, गाउँपालिकाको कार्यालय र जिल्ला बाल कल्याण समिति तथा अन्य साझेदारी संस्थामा गराउनुपर्नेछ।

ख. यस कार्यका लागि वडा वाल अधिकार समितिले र स्थानिय वाल अधिकार समितिले आफूहरु मध्ये बाट एक जना सदस्यलाई जिम्मेवारी तोक्नुपर्नेछ।

**अनुसूची - १**

**लिसंखु पाखर गाउँपालिका बाल अधिकार समितिबाट संचालित**

**बाल संरक्षण अक्षय कोष आवेदन फारम**

**१. बालबालिकाको विवरण :**

नाम/थर :..........................................................

लिङ्ग :............................

जाति : ..............................................................

उमेर :..........................

नगर तथा गाउँपालिका. :..........................................................

वडा नं.:.........................

जिल्ला :...............................................................

विद्यालय :..........................................................

कक्षा :..........................

स्वास्थ्य:............................................................

जन्मदर्ता भएको: नभएको:

बुवा/आमा दुवै नभएको :

आमा नभएको :

बुवा नभएको :

अभिभावक/संरक्षकको नाम:

.................................................................

**२. अपाङ्गता किसिम :**

अपाङ्गताको परिचय पत्र भएको नभएको

**३. पारिवारिक विवरण :**

| क.सं. | परिवारका सदस्यको नाम | नाता | उमेर | पेशा | आम्दानी (प्रति वर्ष) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

**४. जग्गा जमिन : (रोपनी भर्ने)**

| क.सं. | जग्गा | जमिन | रोपनी | आफ्नै कमाएको |
|---|---|---|---|---|
| १ खेत | | | | |
| २ बारी | | | | |

३ पाखा

**५. घरको प्रकार/किसिम :**

| क्र.सं. घरको प्रकार/किसिम | खरको छानो | टिनका छानो | ढुङ्गाको छानो | ढलान |
|---|---|---|---|---|
| १ एक तला | | | | |
| २ दुई तला | | | | |
| ३ तीन तला | | | | |

**६. पशु पंक्षी धन :**

| दोपाया | कुखुरा | परेवा | हाँस | अन्य |
|---|---|---|---|---|
| संख्या | | | | |

| चौपाया | गाई | गोरु | भैंसी | राँगा | पाठापाठी | बाच्छाबाच्छी | भेडा/बाखा | चौंरी |
|---|---|---|---|---|---|---|---|---|
| संख्या | | | | | | | | |

**७. जीवन निर्वाहको आधार :**

क. आफ्नै खेतीको कमाइले कति महिना खान पुग्छ ?

.......................................................................

ख. अरु बेला(समय)मा के गरी जीवन निर्वाह गर्नुहुन्छ ?

....................................................................

# अनुसूची २

## योग्य आबेदक प्राथमिकिकरण गर्ने आधारहरुः

| **क्र. स** | निवेदकको नाम | विद्यालय बाहिर भएका बालबालिका र हाल बाल श्रमिक रहेको | विद्यालय बाहिर भएका बालबालिका | विद्यालय मा अनियमित हुने बालबालिका | उमेर ( ६-१४) | बालिका | पारिवारिक आय श्रोत | बालबालिकाको कुनै एक मात्र अभिभावक( आमा/बुवा) भएको र उत्त अभिभावक लामो समय सम्म बिरामि भएको | कूल प्राप्तांक | छनौट भएको वा नभएको (Y/N) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |

नोट :- माथी उल्लेखित सुचकहरु यदि छन भने १ अंक दिने र नभएमा कुनै पनि अंक नदिने ।
अन्तमा छनोट भएका कूल बालबालिका संख्याः

**माथि उल्लेखित आधारमा रही बालबालिका छनौट गरिएको ठीक छ भनीसही गर्ने ।**
**हस्ताक्षरः**

क. संयोजक – ...........
ख. सदस्य – महिला सदस्य .........
ग. सदस्य – बालबालिका सम्बन्धी कार्यरत संस्थाका प्रतिनिधि ...........
घ. सदस्य – वडा स्थीत स्वास्थ्य केन्द्रको प्रमुख .............
ङ. सदस्य – वडाभित्रका सामुदायिक विद्यालयको प्रअ मध्ये वडा समितिले मनोनित गरेको १ जना र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मध्ये १ जना गरि २ जना सदस्य । ...............
च. सदस्य – वडा स्तरीय बाल सञ्जालबाट १ जना बालक र १ जना बालिका गरि २ जना ................
छ. वडा सचिब सदस्य सचिब ..................... ।

# अनुसूची - ३

## लिसंखु पाखर गाउँपालिका बाल अधिकार समिति र सम्वन्धित अभिभावक बीच हुने सम्झौता पत्र

बाल अधिकार संरक्षण अक्षय कोषबाट सहयोग प्राप्त गर्ने बालवाललिकाको अभिभावक र वडा वाल अधिकार समिति बीचमा तपसिल अनुसारको सर्त बन्देजमा रहनेगरी भएको सम्झौता पत्र

### तपसिल

**क) सम्बन्धित अभिभावकले पालना गर्नुपर्ने सर्त**

१. बालबालिकाको शिक्षामा अभिरुची श्रृजना गरी निरन्तर विद्यालयपठाउने ।

२. बाल अधिकार संरक्षण अक्षय कोषबाट प्राप्त सहयोगको रकम शिक्षा/स्वास्थ्य रपोषणको क्षेत्रमा मात्र खर्च गर्न पाइने । अन्य विषयमा खर्च गर्ननपाइने ।

३. बिरामी भएर वा अन्य कारणबाट बालबालिका विद्यालय जाननसकेमा सम्बन्धित विद्यालय र वडा बाल अधिकार समितिलाई लिखित जानकारी दिने ।

४. बाल विवाह गर्न नपाइने ।

५. बालवालिकालाई बालमैत्री वातावरण दिनु पर्ने र उनीहरुलाई शारीरिक/मानसिक यातना दिन नहुने ।

६. बालवालिकालाई जोखिमपूर्ण काममा लगाउन नहुने ।

७. उचित समयमा आफ्ना बालबालिकाको हेरचाह गर्ने । छोरा र छोरीमा भेदभाव गर्न नहुने ।

८. सहयोग प्राप्त गर्ने बालबालिकाको अभिभावक वडा बाल अधिकार संरक्षण समिति प्रति जवाफदेही हुने ।

**ख) संवन्धित वडा बाल अधिकार संरक्षण समितिले पालना गर्नु पर्ने शर्त**

१. छनौट भएका बालबालिकालाई बाल अधिकार संरक्षण अक्षय कोष संचालन निर्देशिकामा भएको व्यवस्था बमोजिम बर्षको ३ किस्ता गरी तोकिएको रकम उपलव्ध गराउने ।

२. सो सहयोग रकम सहि सदुपयोग भए नभएको अनुगमन गर्न आफैं वा समिति गठन गरी परिचालन गर्ने ।

३. अनुगमनको क्रममा निर्देशिका अनुसार प्रदान गरि आएको सहयोग रकम रोक्का वा स्थगन गर्नु पर्ने कुनै पनि आधार भेटिएमा सुनुवाईको उचित मौका दिई लिखित रुपमा सम्वन्धित अभिभावक र विद्यालयलाई सुचना दिने ।

४. सम्वन्धित अभिभावक र बालबालिकासँग निरन्तर सम्पर्कमा रहिरहनु पर्ने ।

उल्लेखित शर्तमा रही हामीहरु बाल बालिकाको स्वास्थ्य ,शिक्षा र पोषणको अवस्थामा सुधार ल्याउने अभिप्रायले गर्न लागिएको सहयोग कार्यक्रम कार्यान्वयनमा हाम्रो खुसी राजीले यो सम्झौता गरी एक/एक प्रति बुझीलियौँ दियौँ । यो सम्झौता पालना नभए नियम बमोजिम हुनेछ ।

**अभिभावकको तर्फबाटः–**

नाम थरः–

दस्तखतः–

बच्चाको नामः–

कक्षाः–

ठेगानाः–

औठा छाप

| दायाँ | वाँया |
|---|---|
| | |

**वडा बाल अधिकार संरक्षण समितिको तर्फबाटः–**

नाम थर

दस्तखतः–

पदः–

संस्थाको छाप

साक्षी

१............................

२...........................

ईति सम्वत २०७६ साल महिना गते रोज शूभम् ............................ ।

आज्ञाले,
पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत